का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ साउन २०८०,
शुक्रबार
21 July 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १७६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# ज्यामीको कम्पनी तस्करको हतियार

ठूलो परिमाणमा सुन तस्करी गर्ने कम्पनी सामान्य कामदारको नाममा रहेको पाइएको छ। केही हजार दिएर कम्पनी खोल्न लगाएर त्यसैलाई तस्करले हतियार बनाएको आशंका छ।



दीलीप भुजेलको परिवार मेलुङ १ मा बस्छ तर मेरो वडाबाट नजिकै पर्छ । म उनीहरुलाई राम्रोसँग चिन्छु । काम नगरी खान नपुग्ने आर्थिक अवस्थाका हुन् उनीहरु । मोटरसाइकल खरिद गर्न नसक्ने अवस्थाका मान्छेले यत्रो सुन ल्यायो भन्दा कसरी पत्याउनु ?

● **बसन्त लामा**
**वडाध्यक्ष**
**मेलुङ गाउँपालिका ३, दोलखा**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

मंगलबार एक सय किलो सुन त्रिभुवन विश्वविद्यालयबाट पास भएर बाहिर आए लगत्तै राजश्व अनुसन्धानले नियन्त्रणमा लियो । बुधबार अर्को सुनको आशंकासहित ६ कार्टुन फेला परेको छ । यति ठूलो परिमाणमा सुन तस्करी गर्ने व्यक्ति पत्ता लागेको छैन । सुन आयात गर्ने कम्पनी पत्ता लागेको छ। तर, उक्त कम्पनी सामान्य कामदारको नाममा खुलेको पाइएको छ । केही हजार दिएर कम्पनी खोल्न लगाएर त्यसैलाई तस्करले हतियार बनाएको तथ्य बाहिरिएको छ ।

राजस्व अनुसन्धान विभागका प्रवक्ता नवराज अधिकारीका अनुसार त्रिभुवन विमानस्थलबाहिरबाट बरामद भएको करिब सय किलो सुन जडित ब्रेक सु ल्याउने कम्पनी हो - रेडी ट्रेड्स प्राली । यस कम्पनीका मालिक हुन - २१ वर्षीय दीलिप भुजेल र प्रहरीले उनलाई पक्राउ गरिसकेको छ ।

दोलखाको मेलुङ गाउँपालिका - ३ स्थायी बासिन्दा दीलिपसँगै मेलुङ ३ कै ५३ वर्षीय रामकुमार भुजेल पक्राउ परेका छन् ।

>>> पृष्ठ २ मा

## पक्राउ परेकाहरुको म्याद थप

झन्डै एक सय किलो सुन तस्करी प्रकरणमा संलग्न रहेको आरोपमा पक्राउ परेकाहरुमाथि अनुसन्धान गर्न उच्च अदालत पाटनले १० दिनको म्याद थप गरेको छ।

आरोपीहरूलाई अदालतमा पेस गरिएकामा अदालतले अनुसन्धानका लागि राजस्व अनुसन्धान विभागलाई १० दिनको अनुमति दिएको हो ।

विभागले एक चिनियाँ मूलका भारतीयसहित १० जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ । पक्राउ पर्नेमा चिनियाँ नागरिक जेयुङ लिन रहेका छन् । चीन जान लागेका बेला उनलाई त्रिभुवन

>>> पृष्ठ २ मा

## निष्कर्षमा पुग्ने छानबिन हुन्छ : गृहमन्त्री

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले एक क्वीन्टल सुन प्रकरणको अनुसन्धान स्वतन्त्र, निष्पक्ष र निष्कर्षमा पुग्ने गरी हुने बताएका छन् ।

उनले यस्ता घटनाहरुबारे प्रधानमन्त्री पुष्पकमल दाहाल र आफूले दोषीलाई कारबाहीको दायरामा ल्याउन र निर्दोष नफसून् भनेर यस अघि नै सम्बन्धित निकायलाई

>>> पृष्ठ २ मा

**संसदमा प्रश्न**

# घडी छिर्दा कराउने डिटेक्टर सुन ल्याउँदा किन कराएन ?

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ साउन ।



सांसदहरुले तस्करी, भ्रष्टाचार र अनियमितताबारे प्रभावकारी छानबिन गर्न सरकारको ध्यानाकर्षण गरेका छन् ।

राष्ट्रियसभाको बिहीबारको बैठकमा बोल्दै उनीहरुले तस्करी नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सभाध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराएका हुन् ।

चार्ल्स शोभराजले त्रिभुवन विमानस्थलबाट हात्ती छिराइदिन सक्ने भनी दिएको अभिव्यक्तिलाई बिर्साउने गरी १०० किलो सुन अवैध रुपमा भन्सार पास भएको बताउँछन् नेपाली कांग्रेस राष्ट्रिय सभा संसदीय दलका नेता रमेशजंग रायमाझी ।

उनले ३३ किलो सुन अवैध रुपमा आएको चर्चा सेलाउन नपाउँदै १०० किलो सुन अवैध रुपमा भित्रिंदा अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि धुमिल भएको बताए ।

'सयौं किलो सुन एक पल्ट होइन २२ पल्ट त्यस्तो प्रक्रिया भयो भनेर आइरहेको छ' नेता रायमाझी थप्छन्, 'हामीले एउटा मोबाइल, लगाएको घडी कुनै बेला खोलेर कोर्टको गोजीमा हाले त्यो मेसिनबाट छिर्दा डिटेक्टर कराउँछ । १०० किलो सुन निस्कँदा डिटेक्टर किन कराएन ?'

> चार्ल्स शोभराजले त्रिभुवन विमानस्थलबाट हात्ती छिराइदिने भनी दिएको अभिव्यक्तिलाई बिर्साउने गरी क्वीन्टलका क्वीन्टल सुन अवैधरुपमा भन्सार पास भएको सांसदहरु बताउँछन् ।

भन्सारका कर्मचारीहरुको भूमिमा यस्तो कार्यमा शंकास्पद रहेको उनको आरोप छ ।

नेकपा एमालेका सांसद गोपाल भट्टराईले १०० किलो सुन अवैध रुपमा भित्रिएको बारे निष्पक्ष छानबिन हुनुपर्ने बताए ।

'हाम्रो देशमा तस्करहरुले राज्य सञ्चालनमा हस्तक्षेप त गरेका छैनन् भन्ने आभास हुन थालेको छ । बाहिर हेर्दा भ्रष्टाचार, अनियमितता सबै अन्त्य हुन थाले जस्तो देखिएको छ' उनी भन्छन्, 'पावरमा भएकाहरु जोडिंदा समेत छानबिन भएको छैन । जनताको ध्यान एकातिर केन्द्रित गर्ने र अर्कोतर्फ तस्करी मौलाउने अवस्था देखिएको छ ।'

जनता समाजवादी पार्टी (जसपा)का सांसद मोहम्मद खालिदले एक अर्बको सुन अन्तर्राष्ट्रिय विमानस्थलबाट भित्र आउँछ भने बाहिर पनि जान सक्ने भन्दै प्रश्न उठाए ।

त्रिभुवन विमानस्थलमा जुन सरकार आए पनि करारमा आफ्ना मान्छे राख्ने प्रवृत्ति रहेको उल्लेख गर्दै उनले अवैध सुन आयातमा राजनीतिक संलग्नता रहेको हुनसक्ने आशंका गरे ।

त्रिभुवन विमानस्थलमा आवश्यक भन्दा बढी कर्मचारी समेत रहेको उनले बताए ।

>>> पृष्ठ २ मा



**कांग्रेस बैठक**

# नेतृत्वको आलोचना र बचाउ

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

सामाजिक सञ्जालमा प्रत्यक्ष प्रशारण शुरु गरेपछिको कांग्रेस केन्द्रिय समितिको बैठकमा प्रस्तुत प्रस्तावहरुमाथि नेताहरुले धारणा राख्नेक्रम जारी छ । बैठकमा भाग लिने नेताहरुले पार्टी नेतृत्वको रक्षा नै पार्टी रक्षाको रुपमा अर्थ लगाएका छन् भने कतिपयले नेतृत्वको प्रवृतिमाथि चर्को आलोचना गरेका छन् ।

तेस्रो दिनसम्म चल्दा कांग्रेसभित्र निर्वाचन प्रणालीलाई लिएर समेत प्रश्न उठाइएको छ । पार्टी नेतृत्वमाथि लागेको अभियोगलाई लिएर समर्थन र बचाउ अझ चर्को गरी उठेको छ ।

पार्टीमा जिम्मेवारी दिने शैलीप्रति व्यंग्य गर्दै कांग्रेसका केन्द्रीय सदस्य केशवकुमार बुढाथोकी भन्छन्, 'भ्रातृ संगठनमा सबैले आफ्ना छोरा, आफ्ना छोरी हालेका रहेछन्, मेरो छोरा पनि हाल्निुनुपर्‍यो । र, महिला संगठन बनाउनुहुन्छ भने मेरो श्रीमती पनि राखिदिनू । यही त रहेछ हाम्रो संगठन गर्ने पारा । यसलाई राम्रै भन्नुपर्‍यो ।'

झापामा जिल्ला सभापतिले तरुण दलको १०० सदस्यीय समिति र ५३ जना सल्लाहकार राख्दा पनि जिल्लाकै नेता पार्टी महामन्त्री विश्वप्रकाश शर्माले टुलुटुलु हेरिरहेको उनको आरोप छ । 'तपाई महामन्त्री हाम्रो जिल्लाको नेता टुलुटुलु के हेरेर बसेको विधानले दिन्छ ?' उनले प्रश्न गरे ।

केन्द्रिय सदस्य अजउवावु सिवाकोटी कि पार्टीले सरकार रोज्नुपर्ने कि खाँण रोज्नुपर्ने बताउँछन्। उसैगरी नेताहरुले नेतृत्वको बचाउ पनि गरेका छन् । पूर्व गृहमन्त्री बालकृष्ण खाँणको विरुद्धमा पार्टीभित्रकै

>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# नर्स बेलायत पठाउने प्रक्रिया शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाली नर्सलाई रोजगारीका लागि बेलायत पठाउने प्रक्रिया शुरू गरेको छ । नेपाली नर्सलाई रोजगारीका लागि बेलायतमा लैजान गत भदौमा दुई देशबीच सम्झौता भएको थियो ।

मन्त्रिपरिषद् बैठकले नेपाल र बेलायतबीच यसअघि सम्पन्न द्विपक्षीय श्रम सम्झौता कार्यान्वयनसम्बन्धी कार्ययोजना स्वीकृत गरेसँगै श्रम मन्त्रालयले पहिलो चरणमा एक सय जना नर्सिङ स्टाफ बेलायत पठाउन दरखास्त आह्वान गरेको हो ।

श्रम मन्त्रालय र नेपालस्थित बेलायती दूतावासले जारी गरेको संयुक्त विज्ञप्तिमा शुक्रबारदेखि कात्तिक २ गतेसम्म इच्छुक नेपाली नर्सले आवेदन दिन सक्ने जनाइएको छ । आवेदनका लागि मन्त्रालयले नेपाली नर्सलाई आवेदन दिन छुट्टै एप्लिकेसन पोर्टल https://ferms.dofe.gov.np समेत बनाएको छ। इच्छुक नर्सहरूले उक्त अनलाइन पोर्टलमा आवेदन दिन सक्नेछन् ।

नेपाली नर्सहरको छनोट कडा प्रतिस्पर्धाका आधारमा हुनेछ । परीक्षामा सहभागी हुन आईईएलटीएसमा न्यूनतम ७ अंक तथा कम्तीमा ३ वर्षको नर्सिङ कोर्स पीसीएल नर्सिङ वा बीएन सरहको शैक्षिक योग्यता हासिल गरी कमतीमा २ वर्षको अनुभव तोकिएको छ । नेपालमा छनोट भइ जानेहरूले बेलायतको नर्सिङ काउन्सिलको परीक्षा पनि दिनुपर्नेछ ।

छनोट हुने नर्सले शुरूवातमा मासिक करिब ४ लाख रुपैयाँ र बेलायतमा रजिस्ट्रर नर्समा दर्ता भइसकेपछि मासिक करिब ५ लाख रुपैयाँ तलब पाउनेछन् । करार अवधि ५ वर्षको हुनेछ ।

## भावुक स्टाटस लेख्दै बिदा भए राजदूत अल–हइल

**काठमाडौं/मस–** नेपालका लागि कतारी राजदूत युसूफ बिन मोहम्मद अल-हइल आफ्नो ७ वर्षे कार्यकाल पूरा गरी स्वदेश फर्किंदैछन् । स्वदेश फर्किनु अघि उनले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग शिष्टाचार भेट गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार भएको भेटमा द्विपक्षीय हित र चासोका विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री दाहालसँग शिष्टाचार भेटपछि राजदूत अल-हइलले सामाजिक सञ्जालमा भावुक स्टाटस लेख्दै नेपाल आफ्नो दोस्रो घर भएको बताएका छन्। उनले लेखेका छन्, 'योसँगै मेरो नेपालको कार्यकाल सकिएको छ। सन् २०१६ देखि आजसम्म कतार सरकारको प्रतिनिधिको

>>> पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

५ साउन २०८०, शुक्रबार
21 July 2023, Friday

# सरकारी जग्गा हिनामिना मुद्दामा अख्तियारद्वारा सर्वोच्चमा पुनरावेदन

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतको फैसला चित्तबुझ्दो नभएको भन्दै सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ। विभिन्न मितिमा भएका फैसला मध्ये अनन्तराज सत्यालसहित ६४ जना प्रतिवादी रहेको मुद्दामा पुनरावेदन गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए।

गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेकोसम्बन्धी मुद्दामा यही साउन २ गते मंगलवार सर्वोच्चमा पुनरावेदन गरिएको हो। सरकारी तथा



सार्वजनिक जग्गा व्यक्तिको नाममा कायम गरेको आरोपमा अख्तियारले उनीहरूविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको थियो।

अख्तियारले कानून र प्रमाणको समुचित विश्लेषण नगरी सरकारी/सार्वजनिक जग्गाहरु व्यक्तिको नाममा दर्ता गरेको जस्तो गम्भीर विषयमा समेत प्रतिवादीहरुले इन्कारी बयान गरेको तथा प्रतिवादीहरुले एक-अर्कालाई पोल बयान नगरेको आधारहरु लिई विशेष अदालतले प्रतिवादीहरुलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण रहेको भन्दै सर्वोच्चमा पुनरावेदन गरेको हो।

# एनसीसी कतारको दशौं महाधिवेशनको निर्वाचन तालिका सार्वजनिक

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ४ साउन

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारको दशौं राष्ट्रिय महाधिवेशनको निर्वाचन तालिका सार्वजनिक भएको छ। एनसीसीको बाह्रौं कार्यसमिति बैठकद्वारा यही २७ र २८ जुलाई २०२३ मा निर्वाचन र २९ जुलाई २०२३ मा दशौं राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गर्दै कार्यसमिति छनोट समितिलाई सोही अनुसारको कार्यतालिका सार्वजनिक गरी निर्वाचन प्रक्रिया अगाडि बढाउन अनुरोध गरिएबमोजिम समितिले आफ्नो तालिका सार्वजनिक गरेको हो।

समितिले सार्वजनिक गरेको सूचनाअनुसार उम्मेद्वारी मनोनयन २१ जुलाई, २०२३ बिहान ९ बजे देखि शुरु भइ सोही दिन बेलुका ७ बजेसम्मको समय सीमा तोकेको छ। मनोनयनमाथि दाबी विरोध (उम्मेद्वारीले मात्र) २२ जुलाई, २०२३ बेलुका ५ बजे सम्म गर्न सक्नेछन्। उम्मेद्वारी मनोनयनमाथि दाबी विरोध पछिको उम्मेद्वारहरूको नामावली २३ जुलाईको बेलुका पाँच बजेपछि प्रकाशन हुनेछ। उम्मेदवारी मनोनयन फिर्ता २२ देखि शुरु भइ २४ जुलाई बेलुका ५ बजेसम्म गर्न सकिनेछ। उम्मेद्वारी मनोनयनको अन्तिम नामावली प्रकाशन २४ जुलाई राति ११ बजेपछि गरिने तालिका रहेको छ।

अनलाइन मतदान प्रक्रियाबाट मतदान गर्ने व्यवस्था मिलाइएको हुँदा २७ जुलाई बिहान १० बजे बाट २८ जुलाई २०२३ राति १२ बजेसम्म (नेपाली समय) मा मतदान गर्ने समयसीमा सकिनेछ। मतदानको नतिजा सार्वजनिक गर्ने मिति नतोकिए पनि परिणाम घोषणा र निर्वाचित प्रमाणपत्र वितरण अन्तिम परिणाम प्राप्त भए पश्चात गरिने समितिले जनाएको छ।

# हुम्लामा ४४ करोड ३० लाख बजेट फ्रिज

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ४ साउन

हुम्लाबाट गत आर्थिक वर्ष २०७९/०८० मा ४४ करोड ३० लाख रुपैयाँ बजेट फ्रिज भएको छ। कोष तथा लेखा नियन्त्रण कार्यालयका अनुसार असार मसान्तसम्म जिल्लामा आएको बजेटको ८० प्रतिशत रकम खर्च भएको छ।

संघीय सरकारबाट तीन अर्ब ६६ करोड ४६ लाख ६८ हजार रुपैयाँ बजेट विनियोजित भएकोमा त्यसमा ३ अर्ब २२ करोड १५ लाख ७३ हजार खर्च भएको छ। गत आवमा चालुतर्फ ३ अर्ब १३ करोड १५ लाख ७३ हजार र पूँजीगततर्फ ५३ करोड ३० लाख ९५ हजार बजेट आएको थियो। पुँजीगततर्फ ६६ प्रतिशत मात्र खर्च भएको छ भने १७ करोड ७७ लाख रुपैयाँ बजेट फिर्ता गएको छ। यस्तै, पूँजीगततर्फ फिर्ता गएको बजेट भने सबै हिल्सा सिमकोट सडक आयोजनाको रहेको छ।

# विद्युत आपूर्ति सुधारको माग राख्दै प्राधिकरण मौलापुरलाई ज्ञापनपत्र



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ४ साउन

विद्युत आपूर्तिमा भएका गडबडी सुधार गर्न तथा लागातार बिजुली दिनलगायतका माग राख्दै स्थानीय उपभोक्ताले विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रको कार्यालयमा ज्ञापनपत्र बुझाएका छन्। कटहरिया नगरपालिकाका पूर्वनगर प्रमुख सियाराम कुशवाहा र समाजसेवी मनोज कुमार साहको नेतृत्वमा पुगेको टोलीले तीन बुँदे माग राख्दै ज्ञापनपत्र बुझाएको हो।

मौलापुर वितरण केन्द्रमा छिनछिनमा लाइन जाने समस्या सामाधान, कटहरियामा विद्युत महसुल संकलन काउन्टरको स्थापना र झुण्डिएको तार तथा पोल व्यवस्थित गर्न माग गर्दै मौलापुर वितरण केन्द्रका कार्यालय प्रमुख दिनेश यादवलाई ज्ञापनपत्र बझाएको समाजसेवी मनोज कुमार साहले बताए।

ज्ञापनपत्र बुझ्दै कार्यालय प्रमुख यादवले विद्युत आपूर्तिमा देखिएको समस्या सामाधान हुने, कटहरियामा मोबाइल आय काउन्टर सञ्चालन निकट भविष्यमा गरिने तथा झुण्डिएका तार तथा पोल आवश्यकता अनुसार सुधार गर्दै लैजाने बताए।

# एनआरएनए मलेसियाको अध्यक्षमा महतोको उम्मेद्वारी घोषणा

**क्वालालम्पुर/मस–** गैरआवासीय नेपालीहरूका बीचमा वैदेशिक रोजगारीमा रहेका कामदारको सुरक्षाको मुद्दा बलियो गरी उठ्न थालेको छ। गैरआवासीय नेपाली संघ (एनआरएनए) मध्यपूर्व क्षेत्रीय परिषद्को ओमनमा हालै सम्पन्न क्षेत्रीय सम्मेलनमा एनआरएनएले सामाजिक सुरक्षा कोषमा एक करोड रूपैयाँको योगदान घोषणा गरेको थियो।



एनआरएनए मलेसियाको अध्यक्ष पदमा उम्मेद्वारी घोषणा गरेका राकेश प्रसाद महतो आफू अध्यक्षमा निर्वाचित भएमा मलेसियामा कार्यरत नेपाली कामदारका लागि मासिक दुई हजार रिँगेट दिने घोषणा गरेका छन्। विगत २४ वर्षदेखि मलेसियामा बसोबास र व्यवसाय गर्दै आएका महतो आफैं वैदेशिक रोजगारीको सिलसिलामा श्रमिककै हैसियतमा मलेसिया गएका थिए। आफूले १४ वर्षसम्म साधारण कामदारको हैसियतमा काम गरेकाले मजदुरको समस्यालाई नजिकबाट बुझेको उनी बताउँछन्।

उनलाई नेपाली कांग्रेस निकट जनसम्पर्क समिति मलेसियाले समर्थन गरेको जनसम्पर्क समिति मलेसियाका सभापति चोलाकान्त पंगेनीले बताए। हाल महतोले मलेसियामा रेष्टुरेन्ट, होस्टेल म्यानेजमेन्ट, मिनिमार्ट, किराना पसललगायतका व्यवसाय सञ्चालन गर्दै आएका छन्। उनले नेपालमा पनि लगानी गरी आरके ब्रदर्श प्राइभेट लिमिटेड कम्पनी, आरके सप्लायर्सलगायतका व्यवसाय गरिरहेका छन्। उनले मलेसियामा नेपाली कामदारको संख्यासँगै उनीहरूका समस्या पनि दैनिकरूपमा बढिरहेको भन्दै मलेसियास्थित नेपाली दूतावाससँग समन्वय र निरन्तर सहकार्य गरेर समस्याको समाधान र कामदारको हक हितका लागि काम गर्ने प्रतिबद्धता जनाएका छन्। मलेसियामा अनुभवी व्यवसायीका रूपमा परिचित महतोले एनआरएनएको नेतृत्व पंक्तिमा बसेर ठोस र दीर्घकालीन महत्वका काम गर्ने लक्ष्य लिएको बताएका छन्।

## ज्यामीको...

दीलिप र रामकुमार आफन्त भएको बताइन्छ। दिलीपले कक्षा १२ सम्मको अध्ययन गरेको र उनी गुजारा चलाउनका लागि ज्यामी का मगर्दै आएको अनसन्धानमा संलग्न अधिकारीहरु बताउँछन्। उनीहरुका अनुसार दिलीप केही समय अगाडिसम्म घर बनाउने स्थानमा इँटा बोक्ने लगायतको साधारण काम गर्थे। करिब २ महिना अगाडिबाट भने दिलीपले साँखुमा रहेको आफन्तको चाउमिन फ्याक्ट्रीमा चाउमिन तयार पार्ने र बजारमा लगी विक्री गर्ने काम गर्दै आएका थिए। चाउमिन फ्याक्ट्रीमा काम गर्न थालेका तिनै दिलीपको नाममा रहेको रेडी ट्रेड प्रालिको नाममा आयात भएको ठुलो परिमाणको सुन विमानस्थलबाट बाहिर पार भएपछि बरामद भएको हो। दिलीप सुन तस्कर गर्ने कम्पनीको मालिक भएको थाहा भएपछि दोलखाका मेलुङ गाउँपालिका ३ का वडाध्यक्ष बसन्त लामाले एक क्वीन्टल सुनका मालिक भनिएका युवक बाइक पनि किन्न नसक्ने हैसियतका भएको प्रतिक्रिया दिएका छन्।

‘दीलीप भुजेलको परिवार मेलुङ १ मा बस्छ तर मेरो वडाबाट नजिकै पर्छ। म उनीहरुलाई राम्रोसँग चिन्छु। काम नगरी खान नपुग्ने आर्थिक अवस्थाका हुन उनीहरु। मोटरसाइकल खरिद गर्न नसक्ने अवस्थाका मान्छेले यत्रो सुन ल्यायो भन्दा कसरी पत्याउनु ? लामाले भनेका छन्। अनुसन्धानमा संलग्न अधिकारीहरु ज्यामीको नाममा कम्पनी खोलेर त्यसलाई तस्करले हतियार बनाएको आशंका रहेको र यस आधारमा समेत अनुसन्धान अगाडि बढाइएको बताउँछन्। उनीहरुका अनुसार तीन महिना अघि मात्र कम्पनी दर्ता भएको भएको पाइएको छ। यस आधारमा पनि राजस्व अनुसन्धान विभागले सुनका वास्तविक मालिक को हो भन्नेबारे केहीपनि सार्वजनिक गरेको छैन।

## पक्राउ...

अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरिएको थियो। अन्य पक्राउ परेकामा ट्याक्सी चालक अशोक रानामगर, भन्सार एजेन्ट राजेन्द्रकुमार राई, रेडी ट्रेड प्रालिका सञ्चालक दिलीप भुजेल, सहयोगी हर्कराज राई, थुक्पिन छिरिङ र रामकुमार भुजेल रहेका छन्।

## निष्कर्षमा...

निर्देशन दिईसकेको उनको भनाइ छ। बिहीबार सिंहदरवारस्थित आफ्नै कार्यकक्षमा सुरक्षा निकायका पूर्व उच्च अधिकारीहरुसँगको छलफल पछि गृहमन्त्री श्रेष्ठले दोषीलाई छिट्टै कानुनको दायरामा ल्याउने गरी अनुसन्धानको कामलाई अघि बढाइएको बताए। उनले अध्यागमन विभागमा प्रहरीको उपस्थितिलाई सुनिश्चित गर्ने विषयमा आफूले यस अघि पनि छलफल गरेको र त्यसलाई छिट्टै निष्कर्षमा पुऱ्याउने बताए। उनले यो घटनाको अनुसन्धानलाई गम्भिरतापूर्वक अगाडि बढाउने बताए। ‘अनुसन्धानको बारेमा यो घटना घटेपनि, नघटेपनि जुन घटना हुन्छ। हाम्रो स्टयाण्डबाई निर्देशन छ। प्रधानमन्त्रीको पनि स्टयाण्डबाई निर्देशन छ’ उनी भन्छन्, ‘जुनसुकै निकायले गर्नुपर्ने भएपनि, जुनसुकै घटना भएपनि निर्दोष नफसून। र, घटनाक्रमको वा कुनै पनि परिघटनाको सन्दर्भमा अनुसन्धान स्वतन्त्र, निष्पक्ष र निष्कर्षमा पुग्नेगरी होस्।’

गृहमन्त्री श्रेष्ठले राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालय अन्तरगत ल्याउने विषयमा पनि छलफल भइरहेको बताए।

## संसदमा ...

पर्याप्त कर्मचारी हुँदा समेत अवैध सुन आयात हुनुले नेपालको शान्तिसुरक्षामा प्रश्न उठाएको बताए। तथापि, अवैध सुन बरामद हुनुले सबैतिर मिलाए पनि कतै न कतैबाट अपराध बाहिर आउँछ भन्ने समेत पुष्टि भएको उनले बताए।

‘त्रिभुवन विमानस्थल बाहिर आएर पनि केही राष्ट्रसेवकले आफ्नो जिम्मेवारी निर्वाह गर्नुभयो। यसको अर्थ धेरै आँखा बन्द छन् तर, केही आँखा कम्तीमा खुला छन्’ उनले भनेका छन्।

## कांग्रेस...

नेताहरु लागेको आरोप पनि नेताहरुले लगाएका छन्। नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोपमा खाँण पक्राउ भएपछि कांग्रेसका केही युवा नेताले उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई भेटेका थिए। त्यो प्रशंग निकाल्दै नेपाली कांग्रेस केन्द्रीय सदस्य राधा घलेले भनेकी छन्, ‘गृहमन्त्रीलाई बधाई दिन जानु यो कति उपयुक्त हुन्छ। एउटा साथीलाई दुख पर्दा अर्को साथीले काँध हाल्न सक्दैनौ ?’

घलेले महामन्त्री गगन थापा र विश्व प्रकाश शर्माले चलाएको रुपान्तरणको अभियान लिएर पनि आलोचना गरिन्। रुपान्तरणको अभियान लिएर हिंडेका पार्टीका नेताहरुले आफू बलियो बनाउन लागेको आशंका उनले गरिन्। ‘रुपान्तरणको पक्षमा हामी पनि छौं। नेपाली कांग्रेसलाई बलियो बनाउनु भन्दा पनि व्यक्ति व्यक्ति बलियो बनाउन लाग्नुभएको हो कि ?’ उनको प्रश्न थियो।

# स्व. बखतबहादुर चित्रकारको स्मृतिग्रन्थ लोकार्पण

**काठमाडौं/मस–** बहुआयमिक प्रतिभाका धनी स्वर्गीय बखतबहादुर चित्रकारको स्मृति ग्रन्थ लोकार्पण गरिएको छ। स्वर्गीय चित्रकारको दोस्रो वार्षिक पुण्यतिथीका अवसरमा चित्रकारको परिवारद्धारा प्रकाशन गरिएको ‘बखतबहादुर शब्दचित्र स्मृति ग्रन्थ’ बिहीबार विमोचन गरिएको हो।




राष्ट्रिय समाचार समिति (रासस)का आलेख समाचार प्रमुख कृष्ण अधिकारीको लेखनमा आएको उक्त स्मृति ग्रन्थमा लेखकले बखतबहादुरसँग गरेको कुराकानी, आलेख, उनका केही लेख र अन्तर्वार्ता, उनीबारे विभिन्न व्यक्तित्वले लेखेको लेख तथा तस्बिरहरू समावेश गरिएको छ।

राजधानीकै बासिन्दा भएर पनि आर्थिक अवस्था कमजोर भएका स्व.बखतबहादुरले गरेका संघर्षलाई पुस्तकमा समावेश गरिएको छ। काठमाडौंको सामान्य परिवारमा जन्मिएका स्व. चित्रकारले नेपालको शिक्षा क्षेत्रमा गरेको योगदान अतुलनीय रहेको साहित्यकार चेतनाथ कँडेलले बताए।

वि.स १९८७ माघ १८ मा काठमाडौंको याट्खा टोलमा जन्मिएका स्व.बखतबहादुरले आफ्नो ९१ वर्षको लामो समय नेपालमा दश जोड दुई शिक्षा प्रणालीको आरम्भ गरेका थिए।

चलचित्र संस्थानका जन्मदाता, थेरवादी केन्द्रीय दायक परिषद् (विसं २०४९) का अध्यक्ष, चित्रकार(पुँ) समाजका संस्थापक अध्यक्ष, नेपालमा व्यवस्थित ढंगबाट बुद्धजयन्ती मनाउने कामको थालनी, विजयादशमीका दिन ‘शस्त्रास्त्र परित्याग दिवस’ को सुरुआतकर्ता, इन्द्राणयी मन्दिर, काठमाडौंमा ‘अशोक स्मृति चैत्य’ स्थापनाकर्ता, थेरवादी बुद्ध विहार, लुम्बिनीमा पाली, नेपाली र अंग्रेजीमा ‘धम्मपद’ उत्कीर्णकर्तालगायतका सामाजिक काम गरेका थिए।

स्वर्गीय चित्रकारसँग निकट रहेका प्रा.डा भीमदेव भट्ट बखतबहादुर लगनशील, अध्ययनशील व्यक्ति भएको बताए।

देवीदेवताका चित्र कोर्ने-रङरोगन गर्ने परिवारमा जन्मिएका बखतबहादुरले राणाशासन, पञ्चायतकाल र बहुदलीय गणतान्त्रिक सबै व्यवस्था भोगे भने राजनीति, अध्यात्म, शिक्षा, सञ्चार, चलचित्र, फोटोग्राफी, सिनेमेटोग्राफी जस्ता एकापसमा सम्बद्ध-असम्बद्ध विषयमा संलग्न थिए।

चलचित्र निर्माणमा फोटोग्राफी र क्यामराको कामको निरीक्षण वा निर्देशन तथा क्यामरा सञ्चालनसम्बन्धी अध्ययन गरेका बखतबहादुर नेपालको पहिलो सिनेमेटोग्राफर समेत हुन्। वरिष्ठ फोटोग्राफर राजभाई सुवाल बखतबहादुरले नेपालको फोटोग्राफि क्षेत्रमा क्रान्ति नै ल्याइदिएको बताउँछन्। नेपाल सरकारको ३५ वर्ष लामो निजामती सेवा गरी सहसचिवबाट अवकाशप्राप्त उहाँका ‘फोटोग्राफी’ (२०४३) र ‘नयाँ नेपालको समावेशी धर्म’.२०६४) पुस्तकका साथै ‘शिक्षक’ र ‘गाउँ विकासमा प्रौढ शिक्षा’ शीर्षकका वृत्तचित्र पनि प्रकाशनमा रहेका छन्।

थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्का उपाध्यक्ष एवम् मध्यपुर ठिमी नगरपालिका वडा नं.७ का वडाअध्यक्ष कृष्णकुमार प्रजापति बौद्ध धर्मको प्रचारप्रसारमा स्व.बखतबहादुरको ठूलो योगदान रहेको बताउँछन्।

साहित्यकार एवम् समाजसेवी भारती सिल्वाल गिरि स्व.बखतबहादुरको स्मृति ग्रन्थ नयाँ पुस्ताका लागि मार्गदर्शन बन्ने बताउँछिन्। स्व बखतबहादुरका छोराहरु रवि, शशी र छोरी भावनाले नौ दशक लामो जीवनमा बुबाले पाएका ज्ञान, सीप, सिकाई र अनुभवलाई नयाँ पुस्तासम्म लैजाने योजनाका साथ पुस्तक प्रकाशनमा ल्याएको बताए। ३७२ पृष्ठ लामो उक्त पुस्तकमा विभिन्न राजनीतिक दलका नेता र उनका निकट रहेका विभिन्न व्यक्तिहरुले स्व.बखतबहादुरको बारेमा आफ्नो अनुभवबारे लेखेका छन्।

# रुकुम पश्चिमका ग्रामिण सडक : वर्षायाममा सधैं सास्ती

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ४ साउन



रुकुम पश्चिमका ग्रामिण सडक स्तरोन्नति नगरिँदा यात्रुलाई सधैं सास्ती हुने गरेको छ। ग्रामिण भेगका अधिकांश सडक हिउँदमा धुलो उड्ने र वर्षायाममा हिलो हुँदा यात्रुहरु मारमा परेका छन्।

स्थानीय तहले सडक स्तरोन्नतिमा बेवास्ता गरेका कारण आवतजावतमा असहज भएको त्रिवेणी ९ की शारदा खड्काले बताइन्। स्थानीय सरकार आएदेखि सडकहरु केही सुधार भएपनि भरपर्दो तरिकाले स्तरोन्नति हुन नसकेको उनी बताउँछिन्।

विषेशगरी मुसिकोट-गिलाबाङ-छिनखेत सडकखण्ड स्तरोन्नति भएको छैन। वर्षायाम शुरु हुने बेला सडकमा ग्राभेल हालिएको पाइन्छ। तर पक्की सडक निर्माण नगरिँदा सडक झनै बिग्रिँदै गएको स्थानीयहरु बताउँछन्।

छिनखेत-बाँफिकोट-स्यार्पु दह सडकमा ठेक्का लगाएता पनि ठेकेदारको लारपरबाहीका कारण सडक स्तरोन्नति हुन सकेको छैन। ठेक्का सम्झौताअनुसार सडक स्तरोन्नतिको समयसीमा सकिन लागेपनि १० प्रतिशतमात्र काम भएको स्थानीयहरु बताउँछन्।

## भावुक...

रूपमा नेपालमा काम गर्न पाएकोमा म गौरवान्वित छु। नेपाल सदैव मेरो हृदयमा रहनेछ। मेरो लागि नेपाल दोस्रो घर हो। म जहाँ भएपनि नेपालको उन्नति र प्रगतिका लागि सधैं तत्पर रहनेछु। धेरै शुभकामना।’

उनले नेपालमा आफूलाई सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरेका छन्। राजदूत अल-हइलको कार्यकालमा वैदेशिक रोजगारका लागि कतार जाने कामदारका ठूला समस्या देखिएनन्। तर कतार प्रहरीमा नेपाली कामदार भर्नाको महत्वपूर्ण विषयमा भने परस्पर बुझाइमा भिन्नता हुँदा त्यसले पूर्णता पाउन सकेन।


### अमर–ज्ञानेश जे.भि.को सार्वजनिक सूचना

प्रस्तुत जे.भिले विभिन्न बैंक तथा वितिय संस्थामा बैंक खाता खोली विभिन्न व्यक्ति वा कम्पनी वा फर्मलाई चेक जारी गरी आर्थिक कारोबार गर्दै आएकोमा यस जे.भिको मिति २०८०।०१।२३ गते बसेको बैठकको निर्णय बमोजिम माछापुच्छ्रे बैंक लि. हेटौंडा शाखा, प्राईम कर्मर्सियल बैंक लि. कालिमाटी शाखा र सानिमा बैंक लि. हेटौंडा शाखाबाट हालसम्म जारी भएका सर्म्पुण चेक खिचि रद्द (क्यान्सील) गरी बैंकसँग नयाँ चेक बुझिलिने निर्णय भएको हुँदा उल्लेखित बैंकबाट यस पुर्व लिएका सम्पुर्ण चेक रद्द गरिएको छ। चेक धारकलाई यस अघि दिएका चेकहरु जे.भिमा फिर्ता गरी नयाँ चेक लिई आर्थिक कारोबार पादर्शी रुपले गर्नको लागी सम्पूर्ण सरोकारवाला व्यक्ति, फर्म, कम्पनीलाई जानकारीको लागी यो सुचना प्रकाशन गरीएको छ।

जे.भिको कार्यालय
काठमाण्डौं

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/०७/१५ मा दर्ता भएको **प्रा.लि. नं. २७६१८२** को **लुम्बिनी स्किल डेभलपमेन्ट कलेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) (क) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### मलेसियामा रोजगार | कम्पनी: HARUMI BRANDS SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०८/०९ चलानी नं.: ६०१९२११८ LT. No.: 276366 पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४२,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १२ गते (28 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | मलेसियाको नि:शुल्क कुबेतको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Frontline Recruitment Pvt. Ltd.
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647 Email:info@manpoweragencynepal.com
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८

### कतारमा रोजगार | कम्पनी: GRAND CENTRAL BAKERY AND KITCHEN FACTORY W.L.L
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०४/०४ चलानी नं.: ६०२०४९३७ LT. No.: 289677

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४६,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cooker | 1 | 0 | | 1500 | ५४,१२० | | | | | | | |
| 3. | General Clean Worker | 2 | 0 | | 1000 | ३६,०८० | | | | | | | |
| 4. | Salesman | 2 | 0 | | 1300 | ४६,९०४ | | | | | | | |
| 5. | Waiter | 0 | 4 | | 1400 | ५०,५१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.
बसुन्धारा, काठमाडौं, फोन नं.: ४९५९७७२, ४९८४१९०, ४९९४१९१
फ्याक्स नं.: ४३८३६२७ Email: capital2004@yahoo.com | देवी प्रसाद अधिकारी ९८५१०९९३००
(श्रम इजाजत नं: ५४३/०६१/०६२)
" Real Happiness Lies in Making Other Happy"

# राष्ट्रिय किताबखानामा मन्त्री मोदीको आकस्मिक अनुगमन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमन लाल मोदीले राष्ट्रिय किताबखाना (निजामती)मा छड्के अनुगमन गरेका छन् । बिहीबार बिहान १० बजे मन्त्री मोदी छड्के अनुगमनका लागि राष्ट्रिय किताबखाना पुगेका हुन् । किताबखानामा मन्त्री मोदीको यो दोस्रो पटकको छड्के अनुगमन हो ।

अनुगमनका क्रममा मन्त्री मोदीले कार्यालयका सेवा प्रवाहका सबै कक्षको अनुगमन गरेका थिए । उनले कर्मचारीहरु समयमा कार्यालयमा हाजिर भएका छन् कि छैनन्, कार्यकक्षमा कर्मचारीहरु छन् कि छैनन् ? लगायतका विषयमा समेत चासो राखेका थिए ।

सेवाग्राहीलाई भेटेर पनि मन्त्री मोदीले किताबखानाको सेवा प्रवाहबारे जानकारी लिएका थिए । सेवाग्राहीसँग मन्त्री मोदीको जिज्ञासा थियो, 'कर्मचारीबाट सेवा लिने क्रममा तपाईहरुसँग कस्तो व्यवहार भएको छ र प्राप्त सेवाबाट सन्तुष्ट हुनुहुन्छ ?'



सबै कार्यालय कक्षको अवलोकन पश्चात मन्त्री मोदीले किताबखानालाई अझ व्यवस्थित र सुदृढ बनाउनका लागि मन्त्रालयबाट गर्नुपर्ने सबै प्रकारका सहयोग गर्न आफू तयार रहेको बताए ।

'म यहाँ आजसमेत गरी दुईपटक आकस्मिक अनुगमनमा आएँ, तपाईंहरुले मलाई के गर्दा किताबखानाको सेवा प्रवाह अझ व्यवस्थित र सुदृढ हुन्छ सुझाव दिनुहोला, मन्त्रालय तपाईंहरुलाई सहयोग गर्न तयार छ' मन्त्री मोदीले भने ।

अनुगमनका क्रममा आफूले खोज्दा नभेटिएका कर्मचारीहरुको हाजिरीमा आफूले कैफियत जनाउने गरेको बताउँदै मन्त्री मोदीले भने, 'अनुगमनको क्रममा कार्यकक्षमा नभेटिएपछि केही न केही कारबाही त गर्नु नै पर्छ, मैले कैफियत जनाउने गरेको छु ।' उनले आफ्नो लागि सबै दर्जाका कर्मचारी समान भएकाले साना कर्मचारीलाई पाखा र ठूलालाई काखा राख्ने काम आफूबाट नहुने समेत प्रष्ट पारे ।

मन्त्री मोदीले आफूले सुशासन कायम गर्नका लागि कुनै कसर बाँकी नराख्ने समेत बताए । 'सुशासन मुखले बोलेर होइन, व्यवहारबाट कार्यान्वयन गरेर मात्रै स्थापित गर्न सकिन्छ' उनले भने, 'त्यसका लागि तपाईं हामी सबैका व्यवहारमा सेवाग्राहीले अनूभुति गर्नेगरी परिवर्तन गर्न आवश्यक छ ।'

उनले मन्त्रालयमा बिहान १० बजे र साँझ ५ बजे इ-हाजिरी गर्ने अनिवार्य व्यवस्था मिलाएको स्मरण गराउँदै किताबखानाले पनि यो विषयमा ध्यान दिन निर्देशन दिए ।

मन्त्री मोदीले यसअघि मन्त्रालयमा पनि ४ पटकपटक आकस्मिक अनुगमन गरेका थिए । त्यसअघि दुईपटक उनले निजामती कर्मचारी अस्पतालको पनि आकस्मिक अनुगमन गरिसकेका छन् ।

किताबखानाले निजामती कर्मचारीको सिटरोल दर्ता, व्यक्तिगत विवरण अद्यावधिक, पेन्सन पट्टा बनाउने र सम्पति विवरण लिने कार्य गर्दछ । हाल निजामती सेवामा पुरूष ६१ हजार ९ सय ९जना र महिला २३ हजार ९ सय ३४ जना गरी कुल ८५ हजार ८ सय ४३ कर्मचारी कार्यरत छन् ।

# सिरहामा थपिए १ हजार ९ सय ६८ मतदाता

**राम पुकार यादव/मध्यान्ह**
सिरहा, ४ साउन

पाँच महिनाको अवधिमा सिरहामा १ हजार ९ सय ६८ जना मतदाता थपिएका छन् । फागुनदेखि असारसम्म सिरहामा १ हजार ११ पुरुष र ९ सय ५६ जना महिला गरी १ हजार ९ हजार ६८ जना मतदाता थपिएका निर्वाचन कार्यालय सिरहाका सूचना अधिकृत गणपैत यादवले बताए । यसमध्ये




१ पुरुष र १ महिला मतदाता भने धनुषा जिल्लाका रहेका छन् ।

यसभन्दा पहिले सिरहामा ४ लाख ३१ हजार ५ सय ७६ जना मतदाता रहेका थिए । फागुनयता असारसम्म १ हजार ९ सय ६८ जना मतदाता थपिँदै मतदाताको संख्या ४ लाख ३३ हजार ५ सय ४२ पुगेको सूचना अधिकृत यादवले जानकारी गराए । सूचना प्रविधिको विकाससँगै सिरहामा अनलाइन प्रणालीबाटै मतदाता नामावली दर्ता गर्न सकिने भएको छ । यसले सेवाग्राहीलाई थप सहज बनाएको अधिकृत यादवले बताए ।

# ठेकेदारको लापरबाही : पाँच वर्षमा पनि बनेन बगरकोट सडक पक्की



**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ४ साउन

डडेल्धुराको भागेश्वर गाउँपालिकाको मुख्य सडक पाँच वर्षसम्म पनि पक्की बन्न सकेको छैन । तोकिएको समयभन्दा एक वर्ष म्याद थप हुँदासमेत सडक कालोपत्रे हुन नसकेको हो । जिल्ला सदरमुकामको अमरगढी नगरपालिकासँग जोडिएको बगरकोट-सिराड-रुपाल सडकको बिरादे-बगरकोट-सिराड खण्ड कालोपत्रे हुन सकेको छैन ।

सडकखण्ड कालोपत्रे गर्नका लागि महादेव खिम्ति, शनिदेव जेभिसँग २०७६ असार ३० गते ठेक्का सम्झौता भएको थियो । २० करोड ७२ लाख लागतमा २०७९ पुस ३० गते काम सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको भौतिक पूर्वाधार विकास कार्यालय डडेल्धुरा प्रमुख नवराज रावलले जानकारी दिए । सम्झौताअनुसार कालोपत्रेको काम सम्पन्न नभएपछि एक पटकका लागि म्याद पनि थपिएको थियो । तर थपिएको समयमा समेत सडक कालापत्रे हुन सकेको छैन ।

उक्त सडकखण्डमा हालसम्म ८० प्रतिशत मात्रै काम सम्पन्न उनले बताए । समयमै काम सम्पन्न गर्नका लागि कार्यालयले बारम्बार ताकेता गरेपनि निर्माण व्यवसायीको लापरबाहीका कारण काम सम्पन्न हुन नसकोको उनको भनाइ छ । करिब १० किलोमिटर सडकको तीन किलोमिटरमा बेस नै बनाउन बाँकी रहेको छ ।

जिल्ला सदरमुकाम बागबजारदेखि भारतको सीमा जोडिएको महाकाली किनारको रुपालको गर्ग क्षेत्रलाई यस सडकले जोड्छ । भागेश्वर गाउँपालिका-४ को बगारबोटबाट यस सडकसँग वडा नं.३ को बोगटा, अजयमेरु गाउँपालिका-३, ४ र ५ नं वडा जाने सडक जोडिनुका साथै बैतडीको तल्लो स्वराड क्षेत्रको शिवनाथ र मेलौली पालिका समेत जोडिएको छ । सडक कालोपत्रे भए भागेश्वर, अजयमेरु गाउँपालिकाका साथै बैतडीको शिवनाथ, मेलौलीका पालिकावासीलाई डडेल्धुरा जिल्ला सदरमुकामसँगै तराईका जिल्ला कैलाली, कञ्चनपुर आउजाउ गर्न छोटो बाटो हुने भागेश्वर गाउँपालिका अध्यक्ष हेमराज चटौतले बताए ।


## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )



## हार्दिक श्रद्धाञ्जली



जन्म:
बि.सं. २०१५ चैत २६ गते

स्वर्गारोहण:
वि.स. २०७२ साउन ५ गते

**स्व. लालमाया राना मगर**

हाम्रा द ग्लोबल रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.का
प्रबन्ध निर्देशक श्री नरेन्द्रबाबु राना मगरज्यूकी ममतामयी माता
**लालमाया राना मगर**को
दु:खद् स्वर्गारोहण भएको आज ८औं वर्षको पुण्यतिथिमा दिवंगत आत्माको
चीरशान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**छोरा/बुहारीहरू**
नरेन्द्रबाबु राना मगर/पूर्णमाया राना मगर
काजीबहादुर राना मगर/किनीमाया राना मगर

**नाति/नातिनिहरू**
जापान राना मगर, जिवन राना मगर,
जेनिशा राना मगर, पुजना राना मगर

एवं
**सम्पूर्ण पाटा राना परिवार**
तथा
**द ग्लोबल रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.**
**परिवार**
महाराजगंज, धारापाटी, काठमाडौं, नेपाल, फोन: ५९१२१४७



## कतारमा रोजगार | कम्पनी: PREMIUM HOSPITALITY शहर: DOHA

पूर्व स्वीकृत मिति:२०८०/०४/०४ चलानी नं.: ६०२०४९२३ LT. No.:289683

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (female) | 0 | 8 | सम्बन्धित काममा दक्ष | 1000 | ३५९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker | 2 | 0 | | 1000 | ३५९७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Paragon H.R. Management Pvt. Ltd.
Govt.Lic.No. 1519/074/075
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com



## साउदीमा रोजगार | कम्पनी : JUBAIL METAL INDUSTRIES FACTORY COMPANY शहर: JUBAIL

पूर्व स्वीकृत मिति: २०८०/०४/०४ चलानी नं.: ६०२०४९३४ LT. No.:289661

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Spray Coating Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ५२४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


SkyStar Recruitment Pvt.Ltd.
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, Po box no: 19122
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com



## मलेसियामा रोजगारको अवसर | कम्पनी:LBS INDUSTRIES SDN BHD शहर: PULAU PINANG

पूर्व स्वीकृत मिति: २०८०/०४/०४ चलानी नं.: ६०२०४९०७ LT. No.: 289518

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scrap Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४३,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


JERRY VARGHESE GLOBAL RECRUITMENT SERVICES PVT. LTD.
Chundevi Marg-04, Maharajgunj, Kathmandu, Nepal, Phone No.: 4373099,4377666
श्रम इजाजत पत्र नं. ४४७/०६०/०६१
Email : jvgrsnepal1@gmail.com



## साउदीमा रोजगार | कम्पनी: FIRST GULF FOR MAINTENANCE AND CLEANING शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०४८७९ LT. No.:289617

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 40 | 0 | स. काममा दक्ष | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


गौरी शंकर ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५५८/०६२/०६३
चण्डोल-४, काठमाडौं, नेपाल, फोन: ४४१८३५३, ४४१८३०३
E-mail : info@gsoverseas.com.np, Web.: www.gsoverseas.com.np



## SAUDI मा रोजगार | कम्पनी: SAUDI EMCOR COMPANY LIMITED शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०४९०० LT. No.:289608

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 65 | 0 | स. काममा दक्ष | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.
Govt Lic No.: 842/066/067
Tokha -05, Kathmandu Nepal, Tel: 01- 5910923
E-mail : kpintloverseas@gmail. com



## CYPRUS मा रोजगार | कम्पनी: CP CAPITAL LABOUR SUPPLY LTD. शहर:NICOSIA

पूर्व स्वीकृत मिति: २०८०/०३/२८ चलानी नं.: ६०२०४५७३ LT. No.:289391

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers (Female) | 0 | 20 | स. काममा दक्ष | 320 | ४७,०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.
Lic. No.: 643/063/64
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४५२४१५२, ४५१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com
9841909881/ 9808015823 / 9813786280 / 9841511496



## यूएईमा रोजगार | कम्पनी: WELL CERTIFIED SCAFFOLDING L.L.C. शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०८/१३ चलानी नं.: ६०१९२३८३ L.T. No.: 276512 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४६,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | scaffolder - Supervisor | 3 | 0 | | 1600 | ५७,०८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


People & Places Pvt. Ltd.
Gov. Lic. No.: 320/059/060
Tokha 10, Prayas Nagar, Kathmandu, Nepal | Tel: 4954622, 9745551435, 9823503539
Email: peopleandplacesp @gmail.com | Website: www.pnprecruit.com



## साउदीमा रोजगार कम्पनी: RAKAYAN MONITHIR ALRUWAILI FARM शहर: SAKAKA

पूर्व स्वीकृत मिति: २०८०/०४/०४ चलानी नं.: ६०२०४८९२ L.T. No.:289621

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ६३,२५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


Lulu International Pvt. Ltd.
Govt. Lic. No. 1035/072/073
Kathmandu-26, Samakhusi, Tel: 4950151 | 4951637
Mob. : 9851083549 | 9802087028 | 9818065184





मध्यान्ह
www.madhyanhadaily.com
५ साउन २०८०, शुक्रबार
21 July 2023, Friday

## सम्पादकीय

# विशेष योजनाको आवश्यकता

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार जाँचपास पार गरिसकेको अवस्थामा ठूलो मात्रामा बरामद भएको क्विन्टल बढी सुनबारे थप अनुसन्धान अगाडि बढाइएको छ । अनुसन्धानका क्रममा पक्राउ परेका ६ जनालाई उच्च अदालत पाटनबाट दश दिन म्याद थप गरिएको छ । म्याद थप पछि राजश्व अनुसन्धान विभागले अनुसन्धान अगाडि बढाएको छ । हङकङबाट आएको विमानमा मोटरसाइकल र स्कुटरको ब्रेक सु बनाएर सुन नेपाल भित्रिएको थियो । विशेष सूचनाका आधारमा बरामद भएको उक्त सुनको नापतौल र थप सुनको खोजी समेत भइरहेको छ । अधिकारीहरूका अनुसार, यसअघि यति ठूलो परिमाणमा सुन बरामद भएको थिएन । राजश्व अनुसन्धान विभागले अझैपनि राजश्व छली गरेर नेपाल भित्रिएको सुन हुनसक्ने आशंका गरेको छ ।

त्यसैले यसपटक बरामद भएको सुनको मात्रा अहिलेसम्मकै उच्च हो । तर सुन बरामद हुने क्रमलाई हेर्दा विभिन्न देश भएर नेपाल हुँदै राजश्व छलीको सुन ओसारप्रसार हुने दर उच्च रहेको देखिन्छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी, भन्सार र राजश्व विभागले गरी बितेको नौ वर्षमा मात्रै ६ सय ५५ केजी बढी सुन बरामद गरिसकेको छ । बरामद भएको सुनसँगै ७०६ जना पक्राउ परेका छन् । यसअघि २०७४ सालमा ८८ केजी सुनसहित एक भारतीय नागरिक पक्राउ परेका थिए । त्यसअघि ३३ केजी सुन प्रकरण नेपालमा चर्चित छ । यद्यपि सुन तस्करीको सञ्जाल भूमि नेपाल हुनबाट नरोकिएको तथ्य यसपटकको घटनाले पुष्टि गरेको छ ।

विशेषगरी भारतसँग खुला सीमाना भएका कारणले तेस्रो मुलुक भएर नेपाली भूमि सुन तस्करीमा उपयोग हुने गरेको छ । बरामद भएको सुनको मात्रा र पक्राउ परेकाहरूको संख्याले नै त्यो पुष्टि हुन्छ । बरामद भएको मात्राले गर्ने अर्को संकेत भनेको बरामद हुन नसकेको सुन र त्यसमा संलग्नहरूको तथ्याङ्क हो । बुधबार नै पनि अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार जाँचबाट यति ठूलो मात्राको सुन बाहिरिसक्नुले पनि बरामद हुन नसकेको तथ्य अझै धेरै रहेको अनुमान लगाउन सकिन्छ । यसरी राजश्व छली गरेर आउने सुन नेपालमै पनि बेचबिखन हुने गरेको केही घटनाहरूले देखाएको थियो । यसले नेपालको बद्नामीसँगै राजश्व चुहावट समेत रोकिन सकेको छैन । त्यो भन्दा पनि महत्वपूर्ण तथ्य हो, अहिलेसम्म सुन तस्करीका अशली मालिक पत्ता लाग्न नसक्नु । जसकारण सुन तस्करी रोकिन सकेको छैन । यसतर्फ सरकारले विशेष योजना बनाएर लाग्न आवश्यक छ ।

# चतुर्मास, तुलसी र पुरुषोत्तम महिना

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

पूर्वीय धर्म शास्त्र मान्ने नेपालीहरुका घर, महल, मठ, मन्दिरहरुमा चतुर्मास अवधि (आषाढदेखि कार्तिकसम्म) तुलसीको विशेष पूजा हुने गर्छ । तुलसी वृक्ष, उपासना वा मोठ भएका घरमा वास्तुदोष रहँदैन । आवास गृहहरुमा अन्य वृक्ष, रुखहरुले छायाँ परेका भए वास्तु दोष मानिन्छ भने तुलसीवृक्षको छायाँ परेमा वास्तुदोष मेटिन्छ । शास्त्रीय मान्यतामा तुलसीको मोठ, गमला आदि सजाउने कार्य उत्तर, पूर्व या पूर्वोत्तर दिशामा गर्नुपर्छ । तुलसी वृक्षबाट विघ्न, बाधाहरु हट्छन् र मनका भय, अशान्तिहरु पनि दूर हुन्छन् । रोगनाशक शक्ति हुन्छ तुलसीमा !

आपत् उद्धारक बीज शक्ति तुलसीको उपासना गरेरै अपहरित सीतालाई रावणरूपी क्रोध, भय, हिंसा, अनि तनावको स्थितिबाट मुक्त गर्न सफल भएका थिए भगवान राम । पञ्चवटी क्षेत्रमा आफ्नै हातले जलसेचन गर्दै तुलसी प्रार्थना गरेको र उनै राम द्वापरयुगमा कृष्ण भई धर्ती अवतरित भएर बृन्दावन सुरम्य भएको हो । बृन्दा भन्नु तुलसी नै हो, यसको विशालताले त्यो क्षेत्र बृन्दावन भएको हो । अघिल्लो जन्ममा 'गुणवती' ले तुलसी उपासना गरेकीले पछि श्रीकृष्णकी पत्नी सत्यभामा भएकी हुन् र उनका पिता सूर्य र तुलसीको उपासनाको कारण 'सत्राजित्' भएका र पति 'चन्द्रदेव' पछि अक्रुर भई श्रीकृष्णका महामन्त्री बनेका हुन् । अघिको 'तुलसी' सत्यभामाको घर आँगनीको 'कल्पवृक्ष' हो ।

तुलसी वृक्षक्षेत्र आफैँमा पवित्र हुन्छ, नयाँ ऊर्जा पनि दिन्छ । मृत्यु शैयामा पुग्न लागेकाहरुलाई यसले 'मृत्युसञ्जीवनी'को काम गर्छ । आयुर्वेदशास्त्रका प्रणेता 'धन्वन्तरि'ले तुलसीलाई सम्पूर्ण आयुर्वेदशास्त्रको प्राण भनेका छन् । पूर्वीय दर्शनमा विश्वास गर्ने हाम्रा लागि तुलसी जीवनको आरम्भदेखि मृत्युपर्यन्त जीवन साथी नै हो । तुलसी मञ्जरी (सुकेको पात) हरदम रहने घर, आवास गृहहरुमा प्रेत, पिशाचहरुको भय हुँदैन, शरीर निरोगी हुन्छ । हिजो आज 'हर्वल टि', 'तुलसी चिया' बिहानै पिउने चलन पनि छ । घरको पछाडि वा दक्षिण क्षेत्रमा तुलसी, मोठहरु, गमलाहरु निषेध छ । पितृहरुका लागि तुलसी अनिवार्य हुन्छ । गाई, गोठ, गौशाला परिसर र तुलसीक्षेत्र परिसरमा ठूला-ठूला कष्टहरु सहन गर्ने क्षमता हुन्छ ।

तुलसीको स्थापना गर्नाले सदाशिव सदैव प्रसन्न हुन्छन् भन्ने मान्यता छ । शास्त्रअनुसार तुलसीदललाई वैधृतियोग, व्यतीपातयोग, भृगुबार, मङ्गलबार, औंसी, पूर्णिमा तिथि, द्वादशी, आशौच समय र जन्म सूतकमा टिप्नु हुँदैन । तुलसीका सुप्रसिद्ध आठ नामहरु मध्ये- 'वृन्दा', 'वृन्दावनी', 'पुष्पसारा' 'नन्दिनी' हो जसको अर्थ हुन्छ - सारा विश्वलाई पवित्रतम बनाउने ! विश्व ब्रह्माण्डको उदय धर्तीको मूल तत्व पाँच भौतिक पदार्थ (माटो, पानी, वायु, अग्नि, तेज) हो । जल, वायु, तेज, आकाश तत्वबाट सृजित यो सूक्ष्म ब्रह्माण्ड हाम्रो शरीरलाई वास्तुशास्त्रकै विषयवस्तुको मिश्रण भनिएको छ । विशाल ब्रह्माण्डको प्रतीक संसार हो ।

शुक्ल र कृष्ण गरी दुई भेद भए पनि उस्तै सिद्धि दिने एकादशी हरेक महिनाको दुई वटाको दरले वर्षभरिमा चौबीस वटा र पुरुषोत्तम माससमेत दुई वटा गरी जम्मा २६ वटा हुन्छन् । त्यसमध्ये तुलसी बीज रोपणको एकादशी ' निर्जला' हो । चतुर्मासको समापन हरिबोधिनी एकादशी भने कार्तिक शुक्लमा पर्छ । सामान्यतयाः द्वादशीयुक्त एकादशीलाई एकादशी भनिन्छ । दिनको प्रातः समय एकादशी, मध्य दिनभरि द्वादशी र भोलिपल्ट सूर्योदयअघि त्रयोदशी तिथि श्पर्श भएको एकादशीलाई त्रिस्पृशा भनिन्छ । यस्तो पर्व परेमा अन्य एक हजार वटा एकादशीको पुण्य एकैदिनको उपासनाबाट लिन सकिन्छ । शुक्ल पक्षको पुनर्वसु नक्षत्रले युक्त भएको एकादशी जया हो, शुक्लपक्ष श्रवण नक्षत्रले युक्त विजया हो, द्वादशी रोहिणी नक्षत्र परे जयन्ती हुन्छ र पुष्य नक्षत्र परेमा पापनाशिनी हुन्छ ।

कलियुगमा मानिसको उमेर समय निकै नै थोरै भएकाले यस्ता विशेष दिनहरु पहिल्याई पुण्य लिने प्रयास गर्नुपर्छ । फलाहार, जलाहार वा निराहारबाट एकादशी उपासना गर्ने गरिन्छ । वाणीको व्रत, श्रवणको व्रत, आचरण, तन, मन, धनको पवित्रता, इन्द्रिय निग्रह, देवपूजा, हवन, जप, अनुष्ठान, दान, क्षमाशीलता, सबै नै उपासनाका स्वरूपहरु हुन् । एकादशीमा अन्न खास गरी चामलमा मानिसका दुष्कर्म (पाप)हरु बस्ने भएकाले अन्न नै ग्रहण गर्नु परे पनि चामलको भात र परिकार ग्रहण नगर्ने विधान छ । महिनामा एक दुई दिन अन्न त्यागले शरीरको पाचन क्षमता राम्रो भई शरीर निरोगी हुन्छ र मुख्य जठराग्नि पनि बलियो हुन्छ । आयुर्वेदले पाचन प्रणाली विग्रने कारण नै सबै किसिमका रोगको उदय हुने बताएको छ ।



*हाम्रो संस्कृति र सभ्यता अर्वाचीनसम्मको छ । सूर्य र चन्द्रमासअनुसार संस्कार, पद्धतिको विकास भएको छ । सौर्यमास एक महिनामा औसत ३० दिनको हुन्छ भने चन्द्रमास औसत २९ दिनकै हुन्छ । गतेले ३६५ दिनको एक वर्ष हुँदा चन्द्र गतिअनुसारको तिथि र यसका बीच बीचमा हुने क्षयले गर्दा ३५४ दिनमै एक वर्ष पूरा हुन्छ । हरेक वर्षको झण्डै ११ दिनको दरले बढी हुँदै जाँदा झण्डै तीन वर्षमा एक महिना नै बढी हुने गर्छ । यही बढी भएको समय नै अधिकमास हो ।*

अग्निपुराण, अथर्ववेद, उपनिषद्हरुदेखि मत्स्यपुराणसम्म र अनेकौं पूर्वीय धरोहर, साहित्य नै हुन् । यसैअन्तर्गतको छुट्टै पुराण ब्रह्मवैवर्त पुराणले तुलसीको व्यापक चर्चा गरेको छ । तुलसीसँग वायु प्रदूषण मुक्त गर्ने क्षमताको साथै जल प्रदूषणको मुक्तिको क्षमतासमेत रहेको छ । यमुनातटमा द्वापरयुगमा तुलसीवृक्ष भए पनि हाल कलियुगका नदी किनारमा तुलसीवृक्ष निषेध छ । जीवनका सञ्चालक जलशायी विष्णु र विष्णुको प्रतीक तुलसी र वर्षाऋतुसँग घनिष्ट सम्बन्ध छ । वर्षाको पूर्वाभ्यास सँगसँगै अन्नको मूलस्रोत जल भण्डार वितरण आषाढदेखि नै हुने गर्छ । विस्तारै जलको वर्षा कम हुँदै जीवनको मूल स्रोत अन्न भण्डारको थालनी कार्तिक मार्गसँगै तुलसीको पूजा समापनसमेत हुने गर्छ । जीवनको उदय भनौं सृष्टि जलबाटै हुने हो र रक्षा अन्नबाटै हुने हो । जल र अन्न दुवैका लागि वायु अनि पृथ्वी (माटो) आवश्यक छ । सँगसँगै पाक शक्ति (अग्नि । तेज) पनि आवश्यक छ र त तुलसीको चर्चा गर्नु परेको हो ।

पूर्वीय धर्म, दर्शनअनुसार तिथि, बार, नक्षत्र, योग, करण यी पाँच तत्व मिश्रण भएर पन्चाङ्ग बन्छ र पन्चाङ्गअनुसार पात्रो र त्यसको निर्देशनानुसार दिन, पर्व, चाड, उत्सव भनौं जन्मदेखि मृत्यु संस्कारसम्मका सबै कार्य गरिन्छ । सूर्यको गति भन्नु गते हो, १२ महिनाको एक वर्ष, कुनै महिना २९ देखि ३२ दिनसम्मको र जम्मा गरी ३६५ दिनको एक वर्ष हुने गर्छ । चन्द्रमासअनुसार तिथि हुन्छ, हाम्रो संस्कृति र सभ्यता प्राचीन अझ भनौं अर्वाचीनसम्मको छ । सूर्य र चन्द्रमासअनुसार संस्कार, पद्धतिको विकास भएको छ । तिथि, नक्षत्र, राशिका सबै कुरा चन्दमाको गतिअनुसार हुन्छ । चन्द्रमा चम्किला भएका वखतलाई शुक्ल पक्ष, पूर्णिमा भनिन्छ भने अँध्यारोको १५ दिने समयलाई कृष्णपक्ष, औंसी भनिन्छ । शुक्लपक्ष वा रात्रिको उज्यालोको पक्ष देवताको दिन हो भने रातको अँध्यारो, कृष्णपक्ष पित्रको दिन हो । स्पष्ट भन्नु पर्दा माघदेखि असारसम्मको सूर्य उत्तरायण देवताको दिन हो भने श्रावणदेखि पौषसम्म को समय पितृको दिन हो । अझै स्पष्टभन्दा हाम्रो ३६५ दिनको एक वर्ष हुँदा पितृको केवल एक दिनमात्र हुन्छ ।

हाम्रा घर आँगनीमा फेरि अधिक मास आएको छ । ०८० श्रावणको २ गतेदेखि ३१ गतेसम्म अधिकमास परेको छ । मलै मल भएकोले मल मास, बढी समय भएकाले अधिक मास पनि भन्ने गरिएको छ । हाम्रो संस्कृति र सभ्यता प्राचीन अझ भनौं अर्वाचीनसम्मको छ । सूर्य र चन्द्रमासअनुसार संस्कार, पद्धतिको विकास भएको छ । सौर्यमास एक महिनामा औसत ३० दिनको हुन्छ भने चन्द्रमास औसत २९ दिनकै हुन्छ । भनौं गतेले ३६५ दिनको एक वर्ष हुँदा चन्द्र गतिअनुसारको तिथि र यसका बीच बीचमा हुने क्षयले गर्दा ३५४ दिनमै एक वर्ष हुन्छ । हरेक वर्षको झण्डै ११ दिनको दरले बढी हुँदै जाँदा झण्डै तीन वर्षमा एक महिना नै बढी हुने गर्छ । यही बढी भएको समय नै अधिकमास हो । जसलाई मलमास भनिने गरियो सृष्टि सञ्चालनको क्रमदेखि नै ।

वैदिक परम्पराअनुसार हरेक मास, बार, ऋतु, तिथि, नक्षत्र, राशि आ-आफ्ना देवताको रुपमा हुन्छन् । सबैका आफ्ना इष्टदेव कुलदेव हुन्छन् । मानिसमा पनि आफ्नो इष्ट देव कुलदेव भएन भने त्यो बेलगामको घोडा सरह हुन्छ, बेवारिसे हुन्छ । यो नियम समाज, संगठन, संस्था, देशको पनि हुन्छ । वैदिक परम्परामा ३३ कोटी देवता छन् । सबैले आफ्नालाई संरक्षण गरिराखेका हुन्छन्, जसबाट अपनत्व, मालिकत्व स्विकारिएको हुन्छ । सरलरूपमा भन्नु पर्दा हाम्रा घरमा बा अथवा अभिभावक हुनुहुन्छ भने जस्तै हो । यहाँ बढी भएको समय अधिकमासको कोही मालिक भएन आजको भाषामा भन्दा ऊ अनागरिक जस्तै भयो ।

कुनै काम नभई बेसहारा बन्न पुगेको अधिकमास सृष्टि कर्ता ब्रह्माकहाँ पुग्यो । ब्रह्माको काम त सिर्जना मात्रै थियो, संरक्षणका लागि तारण हार श्री विष्णुकहाँ पुग्नु पर्ने सुझाव पायो उसले । श्री विष्णुकहाँ पुग्दा मेरो स्थीर रूप गोकुलबासी श्रीकृष्ण सामु यो कुरा पुऱ्याउनु पर्छ भनेपछि निरिह अधिकमास गोकुल पुग्यो । गोलोक पुग्नासाथ उसको अनुहारमा चमक आइहाल्यो । श्रीकृष्णले तिम्रो सहारा म हुन्छु भनेपछि ऊ प्रसन्न भयो र उसको नाम बदलियो । अबदेखि उसलाई पुरुषोत्तम मासले सम्बोधन हुने भयो, सबैको उत्तमलाई पुरुषोत्तम भनिन्छ । बेसहारा, पीडित, त्याज्य, अपहेलितको सहारा दैव हुन्छ भन्ने मान्यताअनुसार अब ऊ सबै मासको सबैभन्दा उत्तम समयको रूपमा देखियो । यो मासमा गरिने व्रत, ध्यान, पूजा, तप, निष्ठा कर्म थोरै भए पनि जसले गर्छ त्यसको फल अनन्त हुने भयो । यसैअनुसार विशेष दान पुण्य गर्न चाहने, थोरै खर्चमा धेरै पुण्य चाहनेले यस मासमा धार्मिक कार्यहरु गर्ने गरिन्छ । यद्यपि घर वास्तु, विवाह, ब्रतबन्ध, अन्य ठूला औपचारिक चाड पर्व भने मान्ने चलन अहिलेसम्म छैन ।

अघि द्वापर युगमा बनबासको समयमा कुन्ती, द्रौपदीसहित पाँच पाण्डवले कन्दमूल, फलहरुको भोजन गरेर यो व्रत गरे । स्वयम् श्रीकृष्णले सबै कथा सुनाएर समस्या पर्दा धैर्य गर्ने, आफ्नो धर्म र निष्ठा नछोड्ने, यथाशक्ति पुरुषोत्तम मासको व्रत, पूजा गर्न निर्देशन दिनु भएको कुरा शास्त्रहरुले चर्चा गरेका छन् । काम्यक बनमा बसेर उनीहरुले यस मासको आराधना गरे, सान्त्वना पाए आफ्ना मालिकबाट । अब मलमास पनि सबै मासको राजा हुने भयो । थोरै गरिएको दान पुण्यको फल सिधै भगवानसम्म पुऱ्याउन सक्ने भयो । यो मासका बीचमा दुई एकादशी हुन्छन् जसलाई पद्मिनी र परमा एकादशी भनिन्छ, जुन अहिले १३ गते र २७ गते परेको छ ।

अधिकमासमा खासगरी ३३ कोटी देवताको प्रतीक ३३ वटा मालपुवा तयार गरी तुलसीपत्र राखी, काँसको थालमा पहेंलो पिताम्बरले छोपेर सुनको प्रतिमा सहित भगवानमा अर्पण गर्ने विधान छ । सक्नेले ठूलो विधिले कथा माहात्म्य श्रवण गर्दै श्रीकृष्ण कथा, पुराणहरु श्रवण गर्छन् । विपुल लक्ष्मी, धन, कीर्ति, मान, इज्जत, प्रतिष्ठा, जीवनमा ऐश, आराम, शान्ति, कान्ति चाहनेले यो मासको यथाशक्ति उपासना गर्नै पर्छ । प्रत्येक तीन वर्षमा तीन महिनाको अन्तरालमा यस्तो समय आउँछ । यसअघि २०५० भाद्र, २०५३ असार, २०५६ जेठ, २०५८ असौज, २०६१ श्रावण, २०६४ जेठ, २०६७ वैशाख, २०६९ भाद्र ,२०७२ असार, २०७५ जेठ, २०७७ असौजमा थियो, अहिले ०८० श्रावण हुँदै अब आउने वर्षहरुमा यस्तो मास २०८३ जेठ, अनि २०८५ कार्तिकमा पर्दछ, फेरि पनि पर्दछ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

बिमानस्थलमा सुरक्षा संयन्त्र हुन्छ । नागरिक उड्यान प्रशासन हुन्छ । भन्सार कर्मचारी हुन्छन् । कसैले थाहा पाएनन् माल बाहिरिएपछि राजस्व अनुसन्धानले पक्रियो । यसबाट प्रष्ट हुन्छ, कति ठूलो र उच्चस्तरको मिलोमतो छ । अझ आयात गर्ने कम्पनीका अध्यक्ष डकर्मी रे, उल्टै जस लिने होड छ निर्लज्जहरुको ।



**- निर्मल आचार्य**

स्थायित्व भएन ? प्रमुख पार्टीको प्रमुख पदमा प्रचण्डको, देउवाको, ओलीको अटूट निरन्तरता हेरौँ । को कति वर्ष प्रमुख रहिरहे ? सम्भवतः माधव नेपालको प्रमुखताको अवधि पनि हेर्नुपर्ला । देशको अवस्थाको जिम्मेवारी कसले लिने ? अस्थिरतालाई दोष दिएर पन्छिन मिल्ला र ?



**- निर्मल प्रसाईं**

३३ किलो सुन काण्डका मुख्य नाइके अहिलेसम्म पत्ता लागेन । भेप सुन प्रकरणका मुख्य नाइकेसँग १९५ पटक फोन रेकर्ड सार्वजनिक तर, सम्बन्धित व्यक्तिसम्म कानुन पुग्न सकेन । अहिले १०० किलो सुन प्रकरण सम्भावित ढाकछोप समिति बन्छ र घटना सामसुम गरिन्छ । यहाँ राजनीतिक दलका व्यक्तिलाई कानुन लाग्दैन ।



**- मानवी पौडेल**

केही हुनेवाला छैन ! चाहे त्यो ३३ किलो सुन होस्, चाहे एक क्विन्टल सुन होस् । सानो पदका कर्मचारी निलम्बन गर्ने अनि अनुसन्धानको दायरामा ल्याउछौं भन्नु र छानबिन समिति गठन गर्नु भनेको घटनाको उचित छानबिन गरेर निष्कर्ष ननिकाल्ने, सामसुम पार्ने र दोषीलाई उम्काउने 'निन्जा टेक्निक' मात्र हो ।

# नेपालमा बढ्दो अमेरिकी प्रभाव

टिप्पणी



● सन्दीप पनेरू

*जसरी एमसीसीको पक्षमा माहोल बनाउन अमेरिकाले भूमिका खेल्यो, एमसीसीकै सहयोगमा एसपीपीमा सम्झौता गराउन पनि अमेरिकाले वातावरण बनाउनेछ । यदि त्यस्तो भएमा नेपालको राष्ट्रियता जोखिममा पर्नेछ । हामीले युक्रेन युद्धलाई नजिकबाट नियाल्यौं भने हाम्रो नियति युक्रेनकै हुनसक्ने अवस्था सन्निकट छ ।*

नेपालमाथि अमेरिकाले क्रमशः आफ्नो प्रभाव बढाउँदै लगिरहेको छ । विभिन्न माध्यमबाट नेपालमाथि हस्तक्षेप बढाउँदै लगेको अमेरिका पछिल्लो समय एमसीसीमार्फत सहयोगको नाममा सहज प्रभाव बढाउने अभियानमा देखिन्छ । अमेरिकी उच्च अधिकारीलाई नेपाल आउन जानका निम्ति पनि पछिल्लो समय एमसीसी सहज शीर्षक बनेको छ ।

एमसीसी अनुमोदनको बखत निकै सक्रिय बनेका अमेरिकाका दक्षिण तथा मध्य एसियाली मामिलाका सहायक विदेशमन्त्री डोनाल्ड लूले योबीचमा दुई पटक नेपाल भ्रमण गरे । लु पछिल्लो पटक असार २९ मा काठमाडौं ओर्लिएका थिए । उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डदेखि प्रत्येक दलका शीर्ष नेताहरुलाई भेटेका छन् । उनले एमसीसी कार्यान्वयनसँगै एसपीपीको सन्दर्भमा पनि छलफल गरेको तथ्यहरु बाहिरिएका छन् । लुले खुलेरै नेपाली नेताहरुलाई एमसीसी अनुमोदन गरेकोमा धन्यवाद व्यक्त गर्दै कार्यान्वयनमा कुनै अवरोध हुन नहुने चेतावनी पनि बेग्लै भाषामा दिएका छन् । यसअघि पनि उत्तर चीनतर्फ संकेत गरिरहने लुले यसपटक पनि चीनको भूमिकामाथि शंका भने व्यक्त गरेका थिए ।

अमेरिकाले एमसीसीलाई कुनै एक परियोजनामात्रै नभई राजनीतिक मिसनको रुपमा प्रयोग गर्न खोजेको कुरा कतै छिपेको छैन । उसले यस मिसनमार्फत एकातिर उत्तर चीनलाई साइजमा राख्न खोजेको छ भने अर्को उदियमान शक्तिराष्ट्र भारतलाई पनि आफ्नो प्रभावलाई लिइरहन खोजेको छ । हुनपनि एमसीसी परियोजनाभित्र भारतसँग सम्झौता नगरी वा भारतसँग अनुमति नलिइ कार्यान्वयन गर्न नसकिने सम्मको प्रावधान उल्लेख छ ।

नेपालका नेताहरुले एमसीसीलाई ५० करोड अमेरिकी डलर भन्दै झ्याली पिटिरहेका छन् तर, यसभित्रको अन्तर्यलाई उनीहरुले एकातिर ढाँटिरहेका छन् भने कतिपयले बुझेका समेत देखिन्न् । एमसीसी आगामी अगष्टबाट कार्यान्वयनमा जाने कुरा सहमति भएको छ । यसमा सोंच्नुपर्ने विषय, एमसीसी कार्यान्वयनपूर्व जे-जस्ता गतिविधि देखिएका छन्, एमसीसी कार्यान्वयनपछि कस्तो वातावरण बन्ला ?

अमेरिकाले एमसीसी परियोजना रुस र चीनको बीचमा पर्ने मंगोलियामा सञ्चालन गरिरहेको छ । चीन र रुसको बीचमा पर्ने मंगोलिया आफैंमा महत्वपूर्ण र सामरिक भूमि हो । जहाँबाट चीन र रुसलाई चियो गर्न अमेरिकालाई सहज हुन्छ । त्यस्तै अवस्था नेपालको सन्दर्भमा पनि छ । नेपालमा बसेर भारतलाई प्रभावमा लिइरहने र चीनलाई तर्साइरहने उद्देश्यमा अमेरिका देखिन्छ ।

एशियाभित्र भएका अमेरिकाका राजदूतावासहरूमध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो दूतावास नेपालमा छ । अहिले नेपालस्थित अमेरिकी दूतावासमा दुई सयभन्दा धेरै घोषित कर्मचारीहरू छन् । नेपाल जस्तो सानो मुलुकमा यति धेरै कर्मचारी र यति ठूलो संरचना किन होला ? रणनीतिक र कुटनैतिक हिसाबले नेपाल अमेरिकाको लागि विशेष ठाउँ हो । त्यसकारणले उसले नेपालमाथि महत्व दिएको छ र आफ्नो प्रभाव बढाउँदै लगिरहेको छ । अमेरिकाले आफ्नो प्रभाव बढाउँदै लैजाँदा नेपालको सार्वभौम सत्ता खतरामा पर्न सक्ने प्रति नेपालीहरू चनाखो हुन जरुरी देखिन्छ ।

अमेरिकाले यसअघिदेखि नै नेपालका विभिन्न बुद्धिजीवीहरूलाई एनजिओमार्फत् लगानी गरेर आफ्नो पक्षमा जनमत सिर्जना गर्न भूमिका खेल्दै आएको थियो । जसरी एमसीसीको पक्षमा माहोल बनाउन उसले भूमिका खेल्यो विस्तार एमसीसीकै सहयोगमा एसपीपीमा लैजान पनि भूमिका खेल्नेमा प्रष्ट छ । यदि त्यस्तो भएमा नेपालको राष्ट्रियता जोखिममा पर्नेछ । हामीले युक्रेन युद्धलाई नजिकबाट नियाल्यौं भने हाम्रो नियति युक्रेनकै हुनसक्ने अवस्था सन्निकट छ ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष | राजनैतिक लाभ प्राप्त हुनेछ । सबै कार्यमा धैर्यता राख्नुपर्छ । |
| वृष | सन्तान सुख प्राप्त हुनेछ । आयको बाटो खुल्नेछ । |
| मिथुन | साहसीक कार्य सफल हुनेछ । लामो यात्राको योग छ । |
| कर्कट | व्यस्तता बढ्नेछ । जग्गासम्बन्धी कार्यमा लाभ हुनेछ । |
| सिंह | अनिर्णयको स्थितिको कारण कार्यमा रुकावट आउनेछ । शत्रु कमजोर हुनेछन् । |
| कन्या | कुनै पनि कार्यमा हतार नगर्नु होला । खर्च बढ्ने योग छ । |
| तुला | शत्रु परास्त र आत्मविश्वासमा वृद्धि हुनेछ । |
| वृश्चिक | वाहन सावधानी राख्नु होला । आध्यात्मिक कार्यमा रुचि बढ्नेछ । |
| धनु | पारिवारिक अशान्तिको योग छ । आहारमा ध्यान दिनुहोला । |
| मकर | विस्तारै प्रगति हुनेछ । दाम्पत्य जीवन सुखी रहनेछ । |
| कुम्भ | स्वास्थ्य राम्रो रहनेछ । तर, विवादको भने योग छ । |
| मीन | मुद्दा मामिलामा सफलता मिल्नेछ । पराक्रम बढ्ने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# मणिपुरमा महिलामाथि यौन हिंसा दुई महिलालाई निर्वस्त्र घुमाइयो



काठमाडौं/एजेन्सी- भारतको मणिपुरमा विगत साढे दुई महिनादेखि जारी मैइती र कुकी समुदायबीचको हिंसात्मक द्वन्द्वको बीचमा बुधबार मणिपुरमा दुई महिलामाथि यौन दुर्व्यवहारको डरलाग्दो भिडियो सार्वजनिक भएको छ । मणिपुर भीडले दुई जना महिलालाई निर्वस्त्र सडकमा घुमाएको घटना बाहिर आएको हो । उक्त भिडियोको पुष्टि गर्दै मणिपुर प्रहरीले ती महिलाहरू मे ४ मा मणिपुरको थौबल जिल्लामा यौन दुर्व्यवहारको सिकार भएको बताएको छ । मणिपुर प्रहरीले भनेको छ, 'यो घटना मे ४ को हो । यसमा अपहरण, सामूहिक बलात्कार र हत्याको मुद्दा अज्ञात व्यक्तिविरुद्ध दर्ता गरिएको छ यस विषयमा अनुसन्धान शुरु भएको छ । प्रहरीले दोषीलाई पक्राउ गर्न सक्दो प्रयास गरिरहेको छ ।

भिडियोमा भिडले महिलामाथि आपत्तिजनक व्यवहार गरेको देखिएको छ । महिलाहरूले रुँदै गुहार मागिरहेको देखिएको छ। आक्रमणकारीले महिलाहरूमाथि सामूहिक बलात्कार गरेको पनि बताइएको छ। एक युवकले आफ्नो दिदीलाई बचाउने प्रयास गर्दा उनको पनि हत्या गरिएको बताइएको छ । भिडियोमा देखिएकी एक महिलाको उमेर करिब २० वर्ष र अर्की महिलाको उमेर ४० वर्ष रहेको बताइएको छ । भिडियोमा दुई जना महिलामात्रै देखिन्छन्, तर भीडले ५० वर्षीया महिलालाई पनि लुगा फुकाल्न बाध्य पारेको यी महिलाले आफ्नो उजुरीमा बताएका छन् । मणिपुरका मुख्यमन्त्री बिरेन सिंहले दोषीलाई फाँसी दिने प्रयास गर्ने बताएका छन् । यस घटनामा एक जनालाई पक्राउ गरिएको पनि मुख्यमन्त्री सिंहले जानकारी दिएका छन् । बिहीबार प्रधानमन्त्री नरेन्द्र मोदीले मणिपुरको घटनाले आफ्नो मन पीडाले भरिएको बताएका छन्। प्रधानमन्त्री मोदीले देशको अपमान भइरहेको र दोषीलाई उन्मुक्ति नदिने बताएका छन् । प्रधानमन्त्री मोदीले घटनाले १४० करोड भारतीयलाई लज्जास्पद बनाएको टिप्पणी गरेका छन् । मणिपुरमा जारी हिंसाबारे प्रधानमन्त्री मोदीले पहिलो पटक बोलेका हुन् । विपक्षीहरूले लामो समयदेखि प्रधानमन्त्री मोदीले मणिपुरमा नबोलेकोमा प्रश्न उठाउँदै आएका थिए । उक्त भिडियो सार्वजनिक भएसँगै यस विषयमा केन्द्रदेखि विपक्षी दलका प्रमुख नेताहरूसम्मको कडा प्रतिक्रिया आएको छ । कांग्रेसलगायत अन्य विपक्षी दलहरूले यस विषयमा सत्तारुढ दल भाजपालाई घेरा हाल्ने प्रयास गरेका छन् ।

# चिनियाँ अर्थतन्त्र ओरालो लागेको संकेत



काठमाडौं/एजेन्सी- बिग्रँदै गएको आर्थिक असन्तुलनसँगै चीनको अर्थतन्त्र निरन्तर ओरालो लागेको छ। गत मे महिनाका निराशाजनक तथ्यांकले यही देखाउँछन् । न्युन खुद्रा व्यापार, निर्यातमा ह्रास र सुस्त औद्योगिक उत्पादनले अवरुद्ध भएको आर्थिक पुनरुत्थानलाई संकेत गर्दछ । मे महिनामा चीनको खुद्रा बिक्री तीन दशमलव एक प्रतिशतले बढ्यो जुन अघिल्लो महिना १२ दशमलव सात प्रतिशत थियो । औद्योगिक उत्पादनमा झिनो सुधार आएर तीन दशमलव पाँच प्रतिशतबाट चार दशमलव चार प्रतिशत पुगे पनि माग सुस्त रह्यो । सन् २०२३ को पहिलो छ महिनामा सरकारी स्वामित्वका उद्यमहरूको लगानी आठ दशमलव एक प्रतिशतले बढे पनि निजी क्षेत्रको स्थिर सम्पत्ति लगानी शून्य दशमलव दुई प्रतिशतले संकुचित भएको छ जसले निजी क्षेत्रको व्यावसायिक विश्वास गुमेको संकेत गरेको छ।

गत जुनमा चीनको निर्यात पनि बाह्र दशमलव चार प्रतिशतले घटेको छ जुन तीव्र वर्ष यताकै उच्च गिरावट हो भने आयात छ दशमलव आठ प्रतिशतले घटेको छ। विकसित देशहरूमा उच्च मुद्रास्फीति र भूराजनीतिक अवस्थाका कारण चीनको वैदेशिक व्यापारले वर्षको अन्त्यतिर समस्याको सामना गर्नुपर्ने परिस्थिति उत्पन्न हुनसक्छ । प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) को प्रवाह पनि वर्षको पहिलो पाँच महिनामा पाँच दशमलव छ प्रतिशतले घटेको छ।

चीनमा व्यापार गर्नु जोखिमपूर्ण छ भन्ने धारणाले देशमा पुँजीको प्रवाहलाई संकुचित गरेको हो कि भन्ने देखाउँछ । एमएससीआई चाइना इनडेक्सले चिनियाँ कम्पनीमा विदेशी लगानी छ प्रतिशतले घटेको देखाएको छ । इक्विटी बजारले पनि विश्व बजारको तुलनामा कमजोरी देखिएको छ जसले आर्थिक वृद्धिलाई कमजोर बनाउन सक्ने देखिन्छ । चिनियाँ अर्थतन्त्रले जनसांख्यिक लाभांश लिन नसकेको देखिन्छ भने सरकारको 'साझा समृद्धि' नीति र उपभोग वृद्धि गर्ने प्रयासलाई कुल गार्हस्थ्य उत्पादनको करिब तीनसय पचास प्रतिशतको हाराहारीमा मुलुकको कुल ऋणको उच्च जोखिमका कारण अलपत्र परेको संरचनात्मक आर्थिक सुधार चुनातीपूर्ण भएको छ।


## भुल-सुधार

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मालीगाउँको मिति २०७९/११/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशीत भएको ३५ दिने क्रेडिट कार्ड सूचनामा ऋणी सन्नी शाही ठकुरीको बुवाको नाम विजय शाही ठकुरी हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय मालीगाउँ फोन नं. ०१-४५४५४९५

## कम्पनीको नाम र ठेगाना परिवर्तन भएको सूचना

दोश्रो पटक प्रकाशित मिति: २०८०/०४/०५ गते

यस कम्पनीको मिति २०७९/१२/१८ र २०८०/०१/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी क्यारियर काउन्सिलिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि.द.नं.: ८८१३०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनी पुस्तक बजार प्रा.लि. ले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०३/२० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी पुस्तक बजार प्रा.लि. कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै कम्पनीको सोहि मितिको विशेष साधारण सभाको निर्णय बमोजिम काठमाडौं म.न.पा. वडा नं. -३४, काठमाडौं रहेको रजिस्टर्ड कार्यालयको ठेगाना स्थानान्तरण गरी काठमाडौं म.न.पा. वडा नं. २६ मा राख्ने जानकारी गराईन्छ ।


## साउदी रोजगारको अवसर | कम्पनी: Samsung C&T शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०८०/०४/०४ चलानी नं.: ६०२०४९२५ L.T. No.: 289699

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्युनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bulldozer Operator | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८७३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Labor | 4 | 0 | | 1000 | ३४९४० | | | | | | | |
| 3. | Heavy Equipment Driver | 16 | 0 | | 2200 | ७६८६८ | | | | | | | |
| 4. | Heavy Truck Driver | 15 | 0 | | 2200 | ७६८६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं
(ब्राजिलियन राजदूतावासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF REMAL ASSAWAHEL CONTRACTING & MAINTENANCE COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०४८८९ LT. No.: 289615

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्युनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 80 | 0 | स. काममा दक्ष | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com

## SAUDI मा रोजगार | कम्पनी : RUBAIYAH FOUNDATION FOR CATERING SERVICES शहर: Al dawahah

पूर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०४८९१ LT. No.: 289566

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्युनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Chef | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८७,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Restaurant_chef | 1 | 0 | | 2200 | ७६,८६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Bright Star Human Resources PVT. LTD.
Gov. Lic. No.: 703/064/65
Basundhara, Kathmandu, Nepal, Tel.: 01- 5910659
Email: brightstarhrnp@gmail.com/ Website: brightstarshr.com
Email : Cv.brightstar@Gmail.com, What's App: +9779851320507

## Bahrain मा रोजगार | १. कम्पनी : EVERFINE TRADING W.L.L

पूर्व स्वीकृत मिति: २०७९/०७/१६ चलानी नं.: ६०१९०३४९ L.T. No.: 274357 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्युनतम योग्यता | BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 10 | 15 | सम्बन्धित काममा दक्ष | 150 | ५२,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner (Worker) | 15 | 0 | | 130 | ४५,१९८ | | | | | | | |
| 3. | Helper (Worker) | 15 | 0 | | 130 | ४५,१९८ | | | | | | | |
| 4. | Salesman | 15 | 0 | | 150 | ५२,१५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १३ र १४ गते (29 & 30 July 2023) मा हुनेछ ।

## Oman मा रोजगार | कम्पनी : ROYAL STAR LINE शहर: MUSCAT

पूर्व स्वीकृत मिति: २०८०/०३/३१ चलानी नं.: ६०२०४९०८ L.T. No.: 289251

